दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३४४ | बुटवल | २०८२ पौष ०९ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday December 24, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

### राष्ट्रपति, प्रधानमन्त्री र प्रमुख तीन दलबिच छलफल :

# चुनावको वातावरण बनाउने समझदारी



**लुम्बिनी संवाददाता**

*बुटवल*

राष्ट्रपति, प्रधानमन्त्री र प्रमुख तीन दलका शीर्ष नेताहरुबिच फागुन २१ गते हुने निर्वाचन सम्पन्न गर्नका लागि वातावरण बनाउने समझदारी भएको छ।

राष्ट्रपति भवन शीतल निवासमा मंगलबार अपराह्न प्रधानमन्त्री सुशीला कार्कीसहित नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँगको छलफलमा यस्तो सहमति भएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए।

उनका अनुसार यसका लागि चुनावको वातावरण बनाउन विस्तृत छलफल बालुवाटारमा गर्ने समझदारी पनि बनेको छ। 'देशको परिस्थिति गम्भीर र संवेदनशील भएको अवस्थामा निकास दिनका लागि चुनावको घोषणा भएको हो, यो गम्भीरतालाई ध्यानमा राखेर निर्वाचन सफल बनाउन लाग्नु हामी सबैको एक मात्र दायित्व हो।'-राष्ट्रपति पौडेलले छलफलमा भनेको भनाइ उद्धृत गर्दै पोखरेलले भने।

राष्ट्रपति पौडेलले देशको वर्तमान जटिल अवस्थाको निकासका लागि निर्वाचन नै उपयुक्त विकल्प भएको बताउँदै आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनलाई सफल बनाउन प्रधानमन्त्रीसहित मुख्य तीन राजनीतिक दलका शीर्ष नेताहरूलाई आग्रह गरेका छन्।

यसैबिच कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले राजनीतिक दलहरूको सञ्जाल तल्लो तहसम्म सक्रिय भएकाले उनीहरूमार्फत् निर्वाचनको सन्देश प्रवाह गर्न सरकार सक्रिय भएको बताएका छन्। मंगलबार नेपाली कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालयको अनुगमनका क्रममा सञ्चारकर्मीहरूसँग कुरा गर्दै मन्त्री सिन्हाले यस्तो बताएका हुन्। निर्वाचनको वातावरण अझ सुदृढ बनाउन सरकार राजनीतिक दलहरूलाई निर्वाचनको सन्देश तल्लो तहसम्म प्रभावकारी रुपमा प्रवाह गर्न आग्रह गरिएको पनि मन्त्री सिन्हाले बताए।

'प्रत्येक दलहरूको सम्पर्क तल्लो तहसम्म पनि भएको कारण उहाँहरूले एकपटक निर्वाचनको बारेमा बोलिदिनुभयो भने त्यो तल्लो तहसम्म पुग्छ।

त्यसो भएको हुनाले दलहरूको माध्यमबाट चुनावको वातावरण अझै बन्नसक्छ भन्ने कुराहरू हामीले उहाँहरूलाई भनेका छौं। निर्वाचन आयोग र सरकारले समेत निर्वाचनको तयारीका लागि आयोजना गरेका छलफलहरूमा समेत सबै राजनीतिक दलहरूलाई बोलाउने गरेका थियौं,'

» **बाँकी ३ पेजमा**

## तोकिएको मितिमा चुनाव हुनुपर्छ : पुन

बुटवल। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले जनताको तहमा राजनीतिक दलहरूसँग संवाद बढाएर शान्तिपूर्णरूपमा निर्वाचनमा सहभागिता सुनिश्चित गर्ने वातावरण बनाउन सरकारलाई आग्रह गरेको छ। मंगलबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा सञ्चारकर्मीहरूसँग कुरा गर्दै नेता वर्षमान पुनले यस्तो आग्रह गरिएको जानकारी गराए। सरकारद्वारा गठित संवद समितिलाई घोषित मितिमा निर्वाचन सम्पन्न गर्न पार्टीको पूर्ण समर्थन र सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिएको पनि उनले बताए।

यही अवस्थामा निर्वाचनमा सहभागी हुन नेकपालाई कुनै समस्या नभए पनि केही राजनीतिक दलहरूले शान्ति-सुरक्षासम्बन्धी गुनासो राखेको भन्दै ती विषयहरूलाई सम्बोधन गर्न समेत आग्रह गरिएको पुनले जानकारी गराए।

'घोषित मितिमा निर्वाचन सम्पन्न गर्ने कुरामा हाम्रो समर्थन छ, सहयोग छ। त्यो कुरामा सरकारले समेत खुशी र धन्यावाद व्यक्त गऱ्यो र संयोजक कमरेड प्रचण्डले घोीषत मितिमा निर्वाचन होस्। सरकारको प्रतिबद्धता त्यसमा स्पष्ट छ, हाम्रो समेत त्यसमा समर्थन छ। जति सकिन्छ जनताको तहमा राजनीतिक दलहरूसँग संवाद गरेर शान्तिपूर्णरुपले चुनावमा सहभागी हुने वातावरण बनाउनुहोस् भन्ने आग्रह गर्नुभयो।'-उनले भने।विगतमा मुलुकमा राजनीतिक संकट आउँदा दलहरूलाई एक ठाउँमा ल्याउन भूमिका खेलेको भन्दै पार्टी संयोजक पुष्पकमल दाहाल प्रचण्डलाई राजनीतिक दलहरूलाई एक ठाउँमा ल्याउन पहल गरिदिन समेत सरकारको तर्फबाट आग्रह गरिएको उनले बताए। 'हाम्रो लागि कुनै समस्या नभए पनि अन्य दलहरूले शान्ति सुरक्षाको विषयलाई लिएर कतिपय गुनासाहरू रहेका छन्। ती गुनासाहरूलाई सम्बोधन गर्नुहोस् भन्ने कुराहरू राख्नुभयो। विगतमा समेत मुलुकमा राजनीतिक संकट आउँदा दलहरूलाई एक ठाउँमा ल्याउने कुरामा भूमिका खेलेको उल्लेख गर्दै उहाँहरूले राजनीतिक दलहरूलाई एकठाउँमा ल्याउने अपेक्षा समेत राख्नुभयो।'-उनले भने।

## पाँच महिनामा भैरहवा भन्सारबाट ४३ अर्ब बढी राजस्व संकलन



**मोहम्मद हबिब**

*भैरहवा*

मुलुककै दोस्रो ठुलो र लुम्बिनी प्रदेशको पहिलो भन्सार नाका भैरहवा भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा रु ४३ अर्ब ६६ करोड ९० लाख राजस्व संकलन गरेको छ।

यो आर्थिक वर्षको पहिलो महिनामा लक्ष्यभन्दा २ प्रतिशत बढी राजस्व संकलन गरेको भन्सारले पछिल्लो महिनामा राजस्व संकलन लक्ष्यअनुरुप गर्न सकेको छैन। ४ वर्षदेखि वार्षिक लक्ष्य पार गर्न नसकेको भैरहवा भन्सारले भने २०८२-८३ को पहिलो महिनामा पाएको ८ अर्ब ८४ करोड ८५ लाख लक्ष्यमा ९ अर्ब २ करोड ७२ लाख अर्थात् १ सय २ प्रतिशत राजस्व संकलन गरेको थियो।

कार्यालयले मंसिर सम्ममा पाएको लक्ष्य ४६ अर्ब ७६ करोड २६ लाखमध्ये ९३ दशमलव ३८ प्रतिशत राजश्व संकलन भएको हो। कार्यालयले यस आर्थिक वर्षको साउन महिनामा ८ अर्ब ८४ करोड ८४ लाख ९० हजार लक्ष्य पार गरी १०२ दशमलव ०४ प्रतिशत अर्थात ९ अर्ब २ करोड ९४ लाख ३४ हजार राजस्व संकलन गरेको थियो, भदौमा ९ अर्ब ७० करोड ६३ लाख ९ हजारमध्ये ९७ दशमलव २५ प्रतिशत अर्थात् ९ अर्ब ४३ करोड ९२ लाख २४ हजार राजस्व संकलन गरेको थियो। असोजमा १० अर्ब १ करोड ७४ लाख १ हजार लक्ष्य पाएकोमा ९ अर्ब २८ करोड ६७ लाख २० हजार अर्थात् ९२ दशमलव ७१ हजार राजस्व संकलन गरेको थियो। कार्तिकमा ९ अर्ब ६० करोड २६ लाख ४० हजार लक्ष्य पाएकोमा ७ अर्ब ८९ करोड ९६ लाख ३९ हजार राजस्व संकलन गरेको छ। यस्तै मंसिरमा ८ अर्ब ५८ करोड ७७ लाख २० हजार पाएको लक्ष्यमध्ये ८ अर्ब १ करोड ४५ लाख ५९ हजार अर्थात् ९३ दशमलव ३३ प्रतिशत राजस्व संकलन गरेको छ।

कार्यालयलाई भन्सार विभागले आर्थिक वर्ष २०८१/८२ का लागि एक खर्ब ९ अर्ब ३३ करोड २२ लाख ५२ हजार राजस्व संकलन लक्ष्य दिएकोमा ९५ अर्ब १९ करोड ३८ लाख ९९ हजार रुपैयाँ अर्थात् ८७ दशमलव ०७ प्रतिशत राजस्व संकलन गरेको थियो। राजस्व लक्ष्य पूरा नभए पनि यो वर्षको लागि एक खर्ब १३ अर्ब ६६ करोड ६८ लाख १९ हजार राजस्व संकलन लक्ष्य दिएको छ। वार्षिक लक्ष्यको आधारमा अहिलेसम्मको संकलनले ३८ दशमलव ४२ प्रतिशत योगदान गरेको छ।

राजस्व लक्ष्य योगदान गर्नेमा पैठारीतर्फ सबैभन्दा बढी मोटरसाइकल, जीप कार भ्यान, पेट्रोल, गाडी, स्पोन्ज र फेरस आइरन, सुपारी, एलपी ग्यास, अलकत्रा एमएस विलेटलगायतका बस्तु रहेका छन्।

## पाँच महिनामा साढे छ खर्ब व्यापार घाटा

बुटवल। चालु आर्थिक वर्ष २०८२/८३ को मङ्सिर मसान्तसम्म मुलुकले कूल रु आठ खर्ब ८२ अर्ब ६९ करोड ८२ लाख २९ हजारको वैदेशिक व्यापार गर्दा रु छ खर्ब ४९ अर्ब ६८ करोड घाटा व्यहोरेको छ।

भन्सार विभागले सार्वजनिक गरेको पाँच महिनाको वैदेशिक व्यापारको स्थिति प्रतिवेदनअनुसार यो अवधिमा रु सात खर्ब ६६ अर्ब १८ करोड ९१ लाखको आयात र रु एक खर्ब १६ अर्ब ५० करोडको निर्यात भएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात १५ दशमलव ८३ र निर्यात ५८ दशमलव १७ प्रतिशतले बढेको विभागले जनाएको छ।

भारतसँग मात्र पाँच महिनामा रु तीन खर्ब ३९ अर्ब दुई करोडभन्दा बढी व्यापार घाटा देखिएको छ। यो अवधिमा भारतबाट रु चार खर्ब ३४ अर्ब छ करोड ४२ लाखको वस्तु आयात हुँदा रु ९५ अर्ब चार करोड २० लाख बराबरको मात्रै निर्यात भएको छ। अर्को छिमेकी मुलुक चीनसँग रु एक खर्ब ६३ अर्ब ७३ करोड ४८ लाखको आयात र रु ४६ करोड ६८ लाख बराबरको मात्र निर्यात हुँदा नेपालले रु एक खर्ब ६३ अर्ब २६ करोड ८० लाखको घाटा व्यहोरेको छ।

नेपालले व्यापार नाफा गरेका मुलुकहरुमा भने रोमानिया पहिलो स्थानमा देखिएको छ। पछिल्लो पाँच महिनामा रोमानियासँग नेपालको कूल वैदेशिक व्यापार नाफा रु छ करोड ३४ लाख ६९ हजार बराबर छ। त्यस्तै स्वीडेन, इराकलगायतका मुलुकसँग नेपालको व्यापार नाफा छ।

» **बाँकी ३ पेजमा**

# बुटवलमा फोहोरको वैज्ञानिक व्यवस्थापन जरूरी



बुटवल। बुटवलमा फोहोरको वैज्ञानिक व्यववस्थापन जरुरी रहेको विज्ञ र सरोकारवालाले जोड दिएका छन्। फोहोरको उचित व्यवस्थापन हुन नसक्दा यसले मानव स्वास्थ्य र वातावरणमा देखिने र नदेखिने गरी गम्भीर नकारात्मक असर पारिरहेको भन्दै उनीहरुले स्थानीय सरकारले आधुनिक प्रशोधन केन्द्र छिटो निर्माण गर्नुपर्ने सुझाव समेत दिएका छन्।

पर्यावरण संरक्षण समाज नेपालको आयोजना र बुटवल उप-महानगरपालिकाको सहकार्यमा भएको अन्तरक्रिया तथा क्षमता अभिवृद्धि कार्यक्रममा फोहोरको दीगो व्यवस्थापनका लागि आधुनिक प्रशोधन केन्द्र अपरिहार्य रहेको भन्दै नगरवासीले पनि प्रशोधन केन्द्रका लागि जग्गा व्यवस्थापनमा साथ दिनुपर्ने आग्रह गरे।

फोहोर व्यवस्थापनमा व्यक्तिको व्यवहार परिवर्तन र जनचेतना अभिवृद्धि पनि उत्तिकै महत्वपूर्ण रहेको विज्ञ विजय हितानले बताए।

शहरी क्षेत्रमा तरल फोहोरले वातावरण र जनस्वास्थ्यमा गम्भीर नकारात्मक असर गरे पनि त्यसलाई स्थानीय सरकार र नगरवासीले बेवास्ता गरिरहेको उनले औंल्याए। हितानले बुटवल उप-महानगरपालिकामा धुवाँ, धुलो र वायु प्रदूषण मापन केन्द्र नहुनु विडम्बना भएको भन्दै बुटवलमा धुलो, धुवाँ र तिनाउको पानी सबै प्रदूषित रहेकाले विदेशी पर्यटकका लागि बस्नयोग्य शहर नरहेको भन्दै यसमा तत्काल सुधा गर्न सुझाव दिए।

वातावरण संरक्षण र सरसफाइका लागि पर्याप्त बजेट विनियोजन गर्न जरुरी रहेकोमा उनले जोड दिए।

कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले सरसफाइकर्मी नगरका प्रमुख पात्र भएको बताउँदै नगर सधैँ उनीहरुको सम्मानमा रहेको बताए। उप-प्रमुख सावित्रादेवी अर्यालले पहिलेको तुलनामा नगर केही हदसम्म सफा भएको दाबी गरिन्।

बुटवल उप-महानगरपालिकाका सरसफाइकर्मीहरुको विशेष उपस्थितिमा गरिएको कार्यक्रममा सफाइकर्मीहरुले सरसफाइका क्रममा थुप्रै समस्याहरु आउने गरेको गुनासो गरेका छन्। साथै सरसफाइकर्मीका लागि आवश्यक सुरक्षा सामग्रीहरु पर्याप्त नभएको गुनासो गरेका हुन्। कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख युवराज पाण्डे, सरसफाइ शाखा प्रमुख लक्ष्मी अर्याल, योजना शाखा प्रमुख ठगिश्वर पोखरेल, वातावरण संरक्षण समाज नेपालका गणेश घिमिरे, अर्जुन ज्ञवालीले आफ्ना धारणा राखेका थिए।

वातावरण संरक्षण समाज नेपालका अध्यक्ष गंगा पोखरेलले प्लास्टिक फोहोरले वातावरण र खेतीयोग्य जग्गामा समेत नकारत्मक असर गरिरहेकाले यसको प्रयोग घटाउनुपर्ने बताइन्।

बुटवलमा दैनिक ७५ टन फाहोर उत्पादन हुने गरेको छ। ल्याण्डफिल साइट नहुँदा अहिले उक्त फोहोर तिनाउ नदी किनारमा डम्पिङ गर्ने गरिएको छ। उपमहानगरले आधुनिक फोहोर प्रशोधन केन्द्र बनाउन जग्गाको खोजी कार्य भैरहेको जनाएको छ। यसअघि एशियाली विकास बैंकको ऋण सहयोगमा बनाउन खोजिएको प्रशोधन केन्द्र जग्गा विवादका कारण सफल हुन नसकेपछि एडीबीले हात झिकेको थियो।



# सम्पादकीय

## स्वास्थ्य बिमाका समस्या

स्वास्थ्य बिमा गरेर अस्पतालमा उपचार गर्न जानेहरुले सहज उपचार नपाउँदा बिमा कार्यक्रमप्रति नै प्रश्न उठेको छ। सहज उपचार सेवाको अभावले स्वास्थ्य बिमा कार्यक्रममा सहभागी हुनेको संख्या पनि घट्न थालेको छ।

देशलाई समाजवादउन्मूख घोषणा गरेको नेपालको संविधानले स्वास्थ्य सेवाको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। मौलिक हकअन्तर्गत धारा ३५ को स्वास्थ्यसम्बन्धी हकमा लेखिएको छ- 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने हक हुनेछ। कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन।' त्यसैगरी, संविधानको धारा ५१ मा भनिएको छ-'नागरिकको स्वास्थ्य बिमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था हुनेछ।' यही संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्न स्वास्थ्य बिमाको विस्तार भएको हो। तर स्वास्थ्य बिमाका जटिलता हटाउँदै जानुपर्नेमा जटिलता थपिंदै गएका छन्।

अहिले नागरिकले भन्न थालेका छन्, पैसा तिरेपछि उपचार सहज भएन्। सीमित अस्पतालमा मात्रै उपचार गर्न पाइने र ती अस्पतालमा सहज सेवा नहुँदा बिरामीलाई सास्ती भयो। स्वास्थ्य जाँच गर्न अस्पताल पुग्नेहरु झनै बिरामी परेर फर्कनुपर्ने बाध्यता आएको छ। महालेखापरीक्षकको कार्यालयले ६१औँ वार्षिक प्रतिवेदन तयार पार्ने क्रममा काठमाडौँ, भक्तपुर र ललितपुरका सेवाग्राहीसँग गरेको सर्वेक्षणमा सेवाग्राहीले स्वास्थ्य बिमामार्फत् उपचार गराउँदा विभिन्न समस्या भोग्नुपरेको गुनासो गरेका थिए। उनीहरूले बिमा कार्ड भए पनि रिफरमा उल्लेख नभएका रोगको उपचार गर्नुपरेमा पैसा तिर्नुपरेको, दीर्घरोगीका लागि चिकित्सकले सिफारिस गरेको परिमाण र अवधि पुग्ने औषधि उपलब्ध नहुने, सबै औषधि बिमामा नपाइएको, प्रायः सस्तो औषधि मात्र दिइने र महँगो किन्नुपर्ने अवस्था रहेको सेवाग्राहीको गुनासो थियो।

बिमा कार्यक्रममा झन्झटिलो प्रक्रिया र सहज उपचार सेवाको अभावले आकर्षण घट्दै जाँदा बिमा कार्यक्रम असफल हुने जोखिम बढेको छ। बोर्डको तथ्यांकअनुसार हाल बिमितको संख्या करिब ६१ लाख छ। पहिले यो संख्या ६५ लाखसम्म पुगेको थियो। हाल कुल जनसंख्याको करिब २० प्रतिशत मात्र स्वास्थ्य बिमा कार्यक्रममा समेटिएका छन्। बिमा कार्यक्रम सुरु भएको एक दशक पुग्दा पनि ८० प्रतिशत जनसंख्या बाहिर रहनुले कार्यक्रमप्रति नागरिकको आकर्षण किन देखिएन भन्ने प्रश्नको उत्तर खोजी हुन आवश्यक छ।

अरू सुधारका विषय धेरै छन्। त्यसबाहेक स्वास्थ्य बिमा प्रभावकारी हुन नसक्नुको मुल कारण बजेट अभाव हो। स्वास्थ्य बिमा बोर्डको तथ्याङ्कअनुसार स्वास्थ्य बिमामा मासिक दुई अर्बदेखि सवा दुई अर्बका हिसाबले वार्षिक २४ देखि २५ अर्ब खर्च हुने गरेको छ। तर, बोर्डको आम्दानी करिब चार अर्ब छ। यस वर्ष सरकारले १० अर्ब रुपैयाँ दिएको छ। खर्च २४ अर्ब र आम्दानी १४ अर्ब हुँदा बोर्ड १० अर्ब घाटामा छ। बोर्डसँग पैसाको अभाव, सरकारले आवश्यक बजेट दिन नसक्दा स्वास्थ्य बिमा थला पर्ने जोखिम बढेको छ। जसले संवैधानिक मर्म पूरा गर्न नसक्ने देखिन्छ। स्वास्थ्य बिमा कार्यक्रम असफल भयो भने नेपालमा संविधान कार्यान्वयनमा गम्भीर समस्या देखिन सक्छ। त्यसैले बेलैमा स्वास्थ्य बिमालाई प्रभावकारी बनाउन सरोकारवाला निकायले पहलकदमी लिनुपर्छ।

# राजनीतिक मृत्यु र सिद्धान्त सिद्दिएका दलहरू !



एच.के. श्रेष्ठ

*राजनीतिक दर्शन तथा सैद्धान्तिक विचलनको कारण हरेक दलमा नैतिक पतन, सांस्कृतिक-राजनीतिक आत्महत्या र तितर-वितरताको समस्या प्रबल रुपमा खडा भएर गएको छ। पद, शक्ति र पैसासँग पार्टी, सिद्धान्त र संगठन साटिएको छ।*

अमेरिकी आलोचक मिल्लर सेन्टरले 'डेथ अफ पोलिटिक्स' पुस्तक लेखे जो हामी पनि अनुभूत गर्दैछौं। जब राजनीतिक रुपमा पार्टीको आत्मा सिद्धान्त तथा बैचारिक दर्शनको मरण हुन्छ र पार्टीको जीवन जीवित ढंगले चल्दैन, तब राजनीतिक मृत्यु हुन्छ। काँग्रेस, कम्युनिष्ट र अन्य सबै दलहरुले अब लगभग मलामीको चिन्ता गर्नुपर्ने भएको छ। विगतदेखि नै पार्टीले सत्ता र सरकार चलाएन बरु सत्ता र सरकारले पार्टी चलाउने गर्‍यो। सैद्धान्तिक बैचारिक नीति होइन गुट, उपगुट र व्यक्तिगत नीति हाबी हुँदै आयो। पार्टीको जबज, भात्रृ संगठन र अंग प्रत्यंगहरु अराजकताको असीमिततामा जकडिंदै आएका छन्। हरेक नेतृत्वमै अलमलसहित पार्टी जोड्ने र जीवन दिने मुख्य कडी विचार नै दिशाहिन भएर द्वन्द्व द्वन्द्वको भुमरीमा फस्दै आएको छ।

तत्कालिन नेकपाको नेतृत्वको दुई तिहाई बहुमतको सरकारले जे काम पनि गर्न सक्दथ्यो। तर आफैं आन्तरिक द्वन्द्वले डामाडोल भयो। राज्यभित्रको अशान्ति, कुशासन, बेथिति, हिंसा अराजकता आदिको पराकाष्ठामाथि आफसी कलहको आरोप प्रत्यारोपले प्रधानता पाइरहेको कारण त्यो फजुल सत्ता, सरकार, पद, कुर्सी, आयआर्जन वा व्यक्तिगत चरम स्वार्थले ध्वंस भयो। माके र एमाले खास एक भएर जुट्नै नपाई विवादै विवादबिच पार्टी फुट्यो र त्यो एकता मात्रै होइन नेकपा पार्टी नै जिउँदो रहेन, मर्‍यो ? डा.बाबुरामको नयाँ शक्ति पार्टी लगाएत थुप्रै पार्टी मर्‍यो। अहिले फेरि नयाँ-नयाँ छदमभेसि रुपमा जन्म लिंदै छन्। तर जे-जे नौटंकी गरे पनि र रुप-विरुप धारण गरेर भौतिक उपस्थिति देखाए पनि वा देखाउन खोजे पनि ती सबै दलका राजनीतिक सार मोरिसकेको छ। मृत्यु भैइसकेको छ।

अमेरिकी विचारक तथा समालोचक स्यामुअल पी हन्टिङटनले पोष्ट कोल्ड वारदेखिको विश्वमा चलेको द्वन्द्व राजनीतिक द्वन्द्व नभएर सभ्यताको द्वन्द्व तिर गएको छ भनेका छन्। राष्ट्रहरुबिचको द्वन्द्वात्मक भिन्नता, विचार, राजनीति र राजनीतिक अर्थतन्त्रको आधारमा होइन संस्कृति र सभ्यताको आधारमा हुने भयो भनेका थिए। हन्टिङटनको अनुसार संस्कृति र सभ्यताले बृहत सान्दर्भिक अर्थ समेटेको छ। यद्यपि मान्छेमा उत्पन्न कुभावना, पद, पैसा र पावरको लडाइ पनि एक खालको संस्कृतिमा राख्न सकिन्छ। मानिसले आफूलाई व्याख्या गर्ने र चिनाउने पुर्ख्यौली, धर्म, भाषा, इतिहास, मूल्य, मान्यता, रितिरीवाज, जात-जाति, जनजातिलगायत संस्थागत र अन्य सभ्यतागत आधारमा हो भन्ने उनको भनाइ अबको विश्वमा सार्थक बन्दै गएको देखिन्छ।

नेपालमै पनि राजनीतिक द्वन्द्व आ-आफ्नो पार्टीहरुका दार्शनिक-वैचारिक सिद्धान्तको आधारमा हुनु पर्नेमा अब राजनीतिक सैद्धान्तिक द्वन्द्वले ठाउँ छाड्दै गएको देखिन्छ। अब त्यसको ठाउँ हन्टिङटनले उठाएका यिनै माथि उल्लिखित आधारमा अकुपाइ हुँदै गएकोछ। संस्कृति यस्तो हो जो विभाजित र एकीकरण गर्न भूमिका खेल्दोरहेछ। अब हरेक पार्टीमा सिद्धान्तको कुरा प्रधान नभइ गौण भएको देखिन्छ। पार्टी वा राजनीतिक दल जसको पहिचान सिद्धान्त, विचार र दर्शनले हुनु पर्नेमा त्यो हराउँदै गएको अवस्था छ। राजनीतिक सिद्धान्तको नामधारी दल भए पनि गैर राजनीतिक संगठनको काम हुनथालेको छ।

त्यतिबेला नेकपाले शान्ति, सुशासन, विकास समृद्धि अमनचयन आदिको लागि राजनीतिक स्थायित्व त्यसको निम्ति स्थायी सरकार र त्यसको निम्ति दुई तिहाई बहुमत मागे अनुरुप जनताले दिएकै हुन्। तब त्यो सबै कुरा जनताता र मुलुकलाई दिनु पर्ने हो कि होइन ? उसको सरकारसहितको नेकपामा विवाद विचारको, सिद्धान्तको पार्टी नीतिमा घोषणापत्र आदि कार्यान्वयनमा दुई लाइन संघर्षको हुनु पर्ने थियो। पार्टीलाई कसरी उत्तरदायी र जनमुखी तथा जनवादी बनाउने भन्नेमा होडबाजीको संघर्ष हुनु पर्ने थियो। जनगणतन्त्रलाई कसरी सार्थक तुल्याउनेमा उच्चतम मार्ग दिनमा हुनुपर्ने हो।

हिजो एमाले लगायतले गरेको राष्ट्रघात कसरी सच्याउने र नेपाली काँग्रेसलगायतले जनतालाई दिन नसकेको विकल्प कसरी दिने भन्ने सकरात्मक प्रतिस्पर्धा हुनु पर्ने थियो। एक्काइसौं शताब्दीको जनवादलाई परिस्कृत बनाउन कस्तो उत्तम विचार तथा योजना बन्नेमा हुनु पर्ने थियो। शुखी र समृद्ध बनाउँदै समाजवादी लक्षमा पुर्‍याउन दुई लाईन संघर्षको चल्नुको सट्टा फगत स्वार्थको लडाइ, प्रधानमन्त्री बन्न, मन्त्री बन्न, अध्यक्ष त कि म अहमता देखाउन, पदाधिकारीको हानाथापमा, आ-आफ्नो गुठ बलियो बनाउन र व्यक्तिवादी हैकम चलाउन सिद्धान्त र विचारलाई स्वार्थ, शक्ति, आवेग र बेइमानीले पुरेर भएको द्वन्द्व राजनीतिक मृत्यु सिवाय केही थिएन। ज्ञान र बुद्धि पीडा र वेदनाले जन्माउने हो। मुलुकको यतिका पीडा र पार्टीकै विभिन्न बेलामा भोगेका पीडाबाट पनि कहिल्यै ज्ञान र बुद्धि नआउने भयो काँग्रेसमा जस्तै नेकपाको। केस, स्थायी, पोलिटब्युरो, सचिवालय आदि समिति के-का लागि ?

सिद्धान्तलाई इमान्दार र निष्ठावान ढंगले लागू गर्न कि फगत बहुमत र अल्पमतमा एकविरुद्ध अर्कोलाई सिध्याउन ? नेकपा राष्ट्र र जनतालाई न्याय दिने मजबुत स्थानमा पुगेका र रहेका बेला आ-आफै सिद्दिए। तिनीहरुबिचको द्वन्द्व उनीहरुको व्यक्तिगत (असभ्यता, परम्परा, नानीमा बसेको बानी, आ-आफ्नै (कु)संस्कृति, प्रवृत्ति , (अब)गुण आदिको कारक द्वन्द्व हो। सिद्धान्त र राजनीतिक विचारसँग कुनै साइनो नै होइन।

विश्वमै विचारको मृत्युको यस्ता उदाहरण देखापरेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको विजय राजनीतिक आधारमा भन्दा पनि नश्लको आधारमा भएको देखियो। राजनीतिक रुपमा विजय हुनेहरु पनि लामो समय सत्तामा टिक्न नसक्ने वा टिकेर पनि केही गर्न नसक्ने उदाहरण नेपालसँगै विश्वमा धेरै छन्, जो विडम्बना हो।

विश्व राजनीति नै विनिर्माणवादको शिकार भइसकेको छ। मुस्लिमहरुमा संसारभरको संगठन अरब लिग गठन भई मुस्लिमकै रुपमा भिडेको देखिन्छ। युरोप र अमेरिकाले आधुनिकीकरणको पर्यायवाचीको रुपमा संसारभर क्रिश्चियनिट पकड जमाउन खोजेको छ। हाम्रै मुलुकमा खाँटी राजनीतिक सिद्धान्तको चासो घटिरहेको छ। विभिन्न ढङ्गले पहिचानको संघ-संगठनहरु खडा हुँदै गएका छन्। जाति, जनजाति, भाषाभाषी, आदिवासी, दलित, पेसागत र तेस्रो लिङ्गीको एकतात्मक संगठन हामी देखिरहेका छौं। अबत जेनजी जस्तो गैर राजनीतिक शक्ति समेत खडा भएको छ। ती सबैमा पहिचान प्रधान र राजनीति गौण भेटिन्छ।

नेपालमा उपलब्ध धेरै दलहरु छन्। ती मध्ये कैयौं दलहरुको राजनीतिक दर्शन, सिद्धान्त र विचारको आधार छैन। त्यही खुद्राखाद्री मिस्सिलेनस् सभ्यता, स्वार्थ, प्रतिष्ठा र पहिचानको आधार नै पार्टी संगठनको आधार भएको छ। त्यही राजनीतिक सैद्धान्तिक आधारहीनताकै कारण क्षेत्रीय पार्टीहरु खुलेका हुन्। मधेशवादी दलहरु त्यसैको उपज हो। मधेशको नाममा व्यक्तिगत वा समूहमा राज्यसँग वार्गेनिङ गरी स्वार्थ लुट्ने, सरकारमा जाने, धन-सम्पत्ति कमाउने र तथाकथित हाइप्रोफाइल देखाउने र मधेशी जनताको सम्मान लिने उद्देश्य देखिन्छ। यदि पक्कै पनि मधेशकै निम्ति थियो भने एउटै मधेशको नाममा दर्जनौं पार्टी किन खोल्नुपर्थ्यो ? अलि बोलबाला रहेका व्यक्तिपिच्छे पार्टी दर्ता किन गर्नु पर्थ्यो ? केही न केही भने पनि सिद्धान्तको नामले चलेका राजनीतिक दल एमाले, काँग्रेस र माओवादी केन्द्रकै दलबाट छुट्टिएर किन आ-आफ्नै रुप, स्वरुप र स्वार्थको पार्टी गठन गरे ? अहिलेका मधेशवादी दलका नेताहरु भनेका सबै ती तीन प्रमुखदलकै हिजोका नेताहरु वा कार्यकर्ताहरु हुन्। बिरालोले बच्चा सोहोरेझैं स्वार्थलाई केन्द्रमा राखेर पार्टी वा मोर्चाको नाम सार्ने काम मात्रै भएको छ। पार्टीको नाम नै व्यक्तिकरण भएको कारण सैद्धान्तिक विचलनकै असर हो।

तमाम पार्टीहरु किन कैयौं पटक फुटे, कैयौं पटक जुटे त। नेपाली काँग्रेसजस्तो पुरानो पार्टी औपचारिक नफुटे पनि अनौपचारिक रुपमा फुटेकै सरह छ। कम्युनिष्ट पार्टीहरु त झन् सयौं चिरा छन्। कम्युनिष्ट सिद्धान्त त एउटै न हो केका लागि फुटे प्रस्टै छ। संघीय समाजवादी फोरमभित्रकै पार्टीहरु किन छिन्नभिन्न भयो ? एनेकपा माओवादीबाट फुटेर गएको मोहन वैद्य नेतृत्वको पार्टी फेरि फुटेर दुई भए। त्यसबाट कोही फेरि जुटेर तत्कालीन माओवादी केन्द्रमा आए। नेकपामै आश्चर्य रुपमा क्याम्प र गुठ परिवर्तन भएको छ आदि आदि। जसले सैद्धान्तिक द्वन्द्वको पुष्टि गर्दैन। राजनीतिक दर्शन तथा सैद्धान्तिक विचलनको कारण हरेक दलमा नैतिक पतन, सांस्कृतिक-राजनीतिक आत्महत्या र तितर-वितरताको समस्या प्रबल रुपमा खडा भएर गएको छ। पद, शक्ति र पैसासँग पार्टी, सिद्धान्त र संगठन साटिएको छ। सरकार गठनमा विचित्र व्यापार चल्छ। सांसदहरु खरिद-बिक्री हुन्छन्, करोडौंको मूल्यमा किनिन्छन्-बेचिन्छन्। जसले गर्दा विपक्षी दलकालाई प्रधानमन्त्री, मन्त्री बनाउँछन्। स्वार्थको पराकाष्ठाले पार्टी नै बदल्छन्। सिद्धान्तलाई गोलीमार्छन् र अन्ततः जातिको नाममा, क्षेत्रको नाममा, लिगको नाममा, पेसाको नाममा वा आर्थिक लोभमा आफ्नो पार्टी र सिद्धान्तकै खिलाफमा उत्रन्छन्।

तत्कालको स्थानीय निर्वाचनमै देखियो विभिन्न दलहरुकाबिच चुनावी तालमेल वा गठनबन्धन। प्राकृतिक र स्वाभाविक भन्दा पनि अप्राकृतिक र अस्वाभाविक गठबन्धनले राजनीतिक सिद्धान्तको धज्जी उडाएको छ। काँग्रेस र माओवादी केन्द्र, एमाले र राप्रपा अर्थात् अन्य-अन्य जसकाबिच कुनै रङ्ग, आकार-प्रकार, गुण केही मिल्दैन तै पनि सत्ता, स्वार्थ, (अ)सभ्यता आदिको द्वन्द्वको उपज जबर्जस्ती तालमेल गरिए। कुर्सीको र्‍याल चुहिएको, आफूलाई केन्द्रमा राखिएको र सत्ताको बलमत्ता बन्ने तृष्णाजागेको उजागर भयो।

जनताको इच्छा, आकाङ्क्षालाई कुठाराघात गरेरै भए पनि आ-आफ्नो इच्छा, आकाङ्क्षा परिपूर्ति गरिछाडे। पार्टी तथा पार्टीका नेतामा यस्तो द्वन्द्व हुनु सैद्धान्तिक बैचारिक मृत्यु र अन्य स्वार्थी पक्षहरुको जन्म नै हो। जेन जी भनिएकामा पनि कुनै राजनीतिक, वैचारिक, दार्शनिक जीवितता देखिंदैन, छैन। यस शक्तिमा त झन जन्मदैदेखि राजनीति मृत्यु छ।

# क्लासिकल होमियोप्याथी चिकित्सा

**डा. ललित कुमार मिश्र**

मानव सभ्यताको इतिहासमा रोग उपचारका विभिन्न पद्धतिहरू विकसित भए। आयुर्वेद, यूनानी, एलोपैथी, प्राकृतिक चिकित्सा आदि सबैले आफ्नो स्थान बनाएका छन्। तर सन् १७९६ मा जर्मन चिकित्सक डा. स्यामुएल हैनिमैनले प्रस्तुत गरेको होमियोपैथी सम्पूर्ण चिकित्सा जगतका लागि क्रान्तिकारी कदम थियो। उनी विज्ञान र मानव करुणा दुवैका प्रतीक थिए। औषधि प्रयोगमा देखिएका दुष्प्रभाव र असफलताबाट निराश भई उनले एक नयाँ, शुद्ध चिकित्सा मार्गको खोजी गरे। यसरी जन्मियो–क्लासिकल होमियोपैथी।

क्लासिकल होमियोपैथी भनेको शुद्ध, मौलिक र हैनिमैनले प्रतिपादित सिद्धान्तअनुसारको उपचार प्रणाली हो। यसमा रोगलाई दबाउने होइन, शरीरभित्र रहेको जीवनशक्तिलाई सन्तुलित गरी स्वास्थ्य पुनःस्थापना गरिन्छ।

**क्लासिकल होमियोपैथीका मूल आधार**

१. समानताको नियम

यसको आधारवाक्य हो "समान समानले निको पार्छ।"

जो पदार्थले स्वस्थ व्यक्तिमा लक्षण उत्पन्न गर्छ, त्यही पदार्थलाई सूक्ष्म मात्रामा रोगीमा दिँदा त्यही प्रकृतिका लक्षण निको हुन्छन्।

**उदाहरणः**

प्याज खाँदा आँखा रसाउँछ, नाक बग्छ।

यही औषधि एलर्जी वा रुघाखोकीमा, जब बिरामीमा त्यही लक्षण देखिन्छ, तब यसै औषधिले निको पार्छ।

२. एक औषधि मात्र

क्लासिकल होमियोपैथीमा एउटै समयमा एउटै औषधि मात्र दिइन्छ। बिरामीका सम्पूर्ण मानसिक-शारीरिक तथा भावनात्मक लक्षणलाई समष्टिगत रूपमा मध्यनजर राखी सिमिलिमम (सबैभन्दा मिल्दोजुल्दो औषधि) चयन गरिन्छ। यसले भ्रम कम गर्छ र उपचार गहिरो हुन्छ।

३. न्यूनतम मात्रा

औषधिलाई लगातार घोल्ने र झक्झक्याउने (पोटेनटाईजकेशन) शक्तिकरण प्रक्रिया प्रयोग गरिन्छ। यसरी बनेको औषधि अत्यन्त सूक्ष्म हुन्छ, जसले जीवनशक्तिलाई मात्र स्पर्श गर्छ तर शरीरमा भौतिक विषाक्त असर गर्दैन।

४. जीवनशक्ति

डा. हैनिमैनका अनुसार रोग शरीरमा मात्र होइन, जीवनशक्तिमा आएको असन्तुलन हो। औषधिले यो शक्ति जागृत गरी शरीरलाई स्वयं निको हुने क्षमता प्रदान गर्छ।

५. समग्र दृष्टिकोण

क्लासिकल होमियोपैथी रोगको नाम हेरेर मात्र होइन, बिरामीको सम्पूर्ण व्यक्तित्व -

शारीरिक लक्षण

मानसिक अवस्था

भावनात्मक प्रतिक्रिया

बानी, व्यवहार, सपना, रुचि-अरुचि, रिस, द्वेष, डर, प्रेम, घृणा

यी सबैलाई आधार मानेर उपचार गर्छ।

**उपचार प्रक्रिया**

१. केस-टेकिङ

रोगीको सम्पूर्ण विवरण, रोगको इतिहास, पारिवारिक इतिहास, मानसिक तथा शारीरिक पक्ष, जीवनशैली आदिको गहिरो अध्ययन गरिन्छ।

यसमा होमियोप्याथिक चिकित्सकले रोगीको व्यथा र कथालाई धैर्यपूर्वक सुन्नु र अवलोकन गर्नु आवश्यक हुन्छ।

२. रिपर्टरी र म्याटेरिया मेडिका

संकलित लक्षणलाई च्भउभचतयचथ मा राखेर सम्भावित औषधिहरू खोजिन्छ।

त्यसपछिको अध्ययन गरी सबैभन्दा मिल्दो औषधि चयन गरिन्छ।

३. सिमिलिममको चयन

रोगीको सम्पूर्ण चित्रसँग मेल खाने एउटै औषधि छनोट गरिन्छ।

यही औषधिले रोगको जरा समातेर रोगीलाई निको पार्छ।

४. परिणामको मूल्याङ्कन

औषधि दिएकोपछि रोगीका लक्षण, मानसिक अवस्था र जीवनशक्तिमा आएको परिवर्तनको अध्ययन गरिन्छ।

यदि औषधि सही भयो भने रोगी क्रमशः समग्र रूपमा सुधार हुँदै जान्छ।

क्लासिकल होमियोपैथीका विशेष लाभ-

१. गहिरो उपचार–रोगको जरा समातेर स्थायी निको पार्छ।

२. सुरक्षित–औषधि सूक्ष्म भएकाले कुनै साइड इफेक्ट हुँदैन।

३. समग्र निको–शरीर, मन र आत्मा तीनै तहमा सन्तुलन ल्याउँछ।

४. दीर्घकालीन रोगमा प्रभावकारी–एलर्जी, दम, माइग्रेन, चर्मरोग, मानसिक रोग, हर्मोनल असन्तुलन आदिमा लाभदायी।

५. व्यक्तिगत उपचार–प्रत्येक रोगीलाई अलग-अलग रूपमा हेर्ने भएकाले उपचार अत्यन्त व्यक्तिगत र गहिरो हुन्छ।

**आधुनिक चुनौती र क्लासिकल होमियोपैथी**

आजको व्यस्त जीवनशैलीमा कतिपय चिकित्सकहरूले सजिलो तरिका अपनाएर–

एउटै समयमा धेरै औषधि दिनु

मिश्रित औषधि

केवल रोगको नामअनुसार औषधि दिनु

जस्ता प्रवृत्तिहरू बढिरहेका छन्। तर यसले होमियोपैथीको शुद्धता गुम्ने खतरा बढाउँछ।

क्लासिकल होमियोपैथीले भने यो धारणा दिन्छ–

"सही औषधि, सही मात्रा, सही रोगी" – यही उपचारको वास्तविक मार्ग हो।

**व्यावहारिक उदाहरण**

एक ३० वर्षीया महिला हरेक वसन्तमा नाक बग्ने, आँखा रसाउने र छिँक लाग्ने गुनासो लिएर आइन्। उनलाई धुलोमा समस्या बढी हुन्थ्यो। उनी सामान्यतया उत्साही तर संवेदनशील स्वभावकी थिइन्।

रिपर्टरी अध्ययनपछि बँषिक अभउब औषधि मिल्यो। न्यूनतम मात्रामा दिइयो। केही दिनमै लक्षणहरू हराए। अर्को वसन्तमा पनि समस्या हल्का मात्र भयो।

यसरी, रोग दबाउने होइन, शरीरको स्वाभाविक रक्षा प्रणालीलाई जागृत गरेर निको पारिन्छ।

**निष्कर्ष**

क्लासिकल होमियोपैथी केवल औषधि दिने तरिका मात्र होइन, यो मानव स्वास्थ्यप्रति समग्र दृष्टिकोण हो। हैनिमैनले प्रतिपादित सिद्धान्तहरू आज पनि उत्तिकै वैज्ञानिक, उपयोगी र प्रासंगिक छन्।

यो पद्धतिले हामीलाई सिकाउँछ–

रोग बाहिरी होइन, आन्तरिक असन्तुलन हो।

सही औषधि र सही सिद्धान्तले शरीर आफैं निको हुन्छ।

जीवनशक्ति सशक्त बनाउन सकिए सबै रोग हराउन सक्छन्।

त्यसैले, प्रत्येक होमियोप्याथ चिकित्सकले यदि क्लासिकल सिद्धान्तलाई शुद्ध रूपमा अपनाए भने होमियोपैथी विश्वका लागि अझ विश्वसनीय र प्रभावकारी चिकित्सा बन्न सक्छ।

-(डा. ललित कुमार मिश्र वरिष्ठ होमियोप्याथिक कन्सलटेन्ट हुन्।)

# सामाजिक सद्भाव निमार्णबारे अन्तर्क्रिया




**गौरीशंकर जयसवाल**
*परासी*

सामाजिक सद्भाव निर्माण गर्न सबै सरोकारवालहरुको भूमिका महत्वपूर्ण रहेको परासीमा आयोजित एक कार्यक्रम बोल्ने वक्ताहरुले बताएका छन्। उनीहरुले सामाजिक सद्भाव निर्माण गर्न आ-आफ्नो क्षेत्रबाट लाग्न जरुरी रहेको बताए। मंगलबार परासीमा नेपालमा सिर्जना भएको विषम परिस्थितिमा सामाजिक सद्भाव तथा शान्ति निर्माण सरोकारवालाहरुसँग सुनवल सामुदायिक विकास केन्द्र सुनवलले आयोजना गरेको सद्भाव कार्यक्रम बोल्ने वक्ताहरुले यस्तो बताएका हुन्।

पाल्हीनन्दन गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ताले सामाजिक सद्भाव कायम गर्न सबैक्षेत्र गम्भीरताका साथ लाग्नु जरुरी रहेको बताए। उनले स्थानीय तह र जिल्लास्थितका सबै राजनीतिक दलहरुको सामाजिक सद्भाव निर्माण गर्न उत्तिकै भूमिका रहेको उल्लेख गरे। अहिलेको अवस्थामा समाजबाटै सामाजिक सद्भावमा खलल पुगेको बताउँदै उनले समाजबाटै अन्त्य गर्नुपर्नेमा जोड दिए। अधिवक्ता सरस्वती शर्माले समाजलाई शान्त र सामाजिक सद्भाव कायम गर्न सबै क्षेत्रको ध्यान केन्द्रित गर्न र स्थानीय तहहरुले शान्ति निर्माणमा बजेट बिनियोजन गरी समाजमा सचेतना फैलाइ समाजलाई विवादरहित बनाउनुपर्नेमा जोड दिइन।

धार्मिक एकता सञ्जाल पाल्हीनन्दनका अध्यक्ष श्रीकान्त मिश्राले घेरेलु हिंसा न्यूनीकरण, बाल विवाह तथा सामाजिक सद्भाव कायम गर्न गाउँस्तरमा काम गरिहेको र सामाजिक सद्भाव कायम गर्न विभिन्न सचेतना जगाउने कार्य गरेको बताए।

पत्रकार महासंघका अध्यक्ष केशव पराजुलीले सामाजबाटै सामाजिक सद्भावमा खलल पुग्ने भएकोले यसलाई सबै राजनीतिक दल र सबै पक्षका सरोकारवाहरुले आ-आफ्नो क्षेत्रमा सक्रिय भएर लाग्नुपर्नेमा जोड दिए।

उनले यस विषयमा मिडियाको क्षेत्रबाट सचेत भएर सबै मिडिया कर्मीहरु लागेको जनाए।

गैर सरकारी संस्थाकी अध्यक्ष सपना अधिकारी थापाले समाजबाटै सामाजिक सद्भाव कार्य गर्न जरुरी रहेको बर्ताइन। उनले भनिन्-'सामाजिक सद्भावसँगै समाजमा लागुऔषध प्रयोगकर्ता र विकरलता बन्दै गएको भन्दै यसलाई समाजबाटै तिस्कार गर्नु पर्दछ।'

कार्यक्रममा शान्ति व्यवस्थापन तथा संरक्षणका सागर गौडेलले दिगो र शान्ति तथा ठुला ठुला विवाद तथा द्वन्द्वमा स्थानीय तहको पहल र समाजमा अहिले लागुऔषध बढ्दो प्रयोगका बारेमा कार्यत्रपत्र प्रस्तुत गरेका थिए।

सुनवल सामुदायिक विकास केन्द्र पाल्हीनन्दन गाउँपालिको समन्वय एंव यूनाइटेड मिसन टु नेपालको साझेदारीमा सञ्चालित घेरेलु हिंसा न्यूनीकरणका लागि सामुदायिक मेलमिलाप तथा संवाद परियोजना २०२१ देखि पाल्हीनन्दन र प्रतापपुरमा सञ्चालित रहेको परियोजनाका कृष्ण पाण्डेले जानकारी दिए।

**चुनावको...**

उनले भने-'अब हामी मुख्य राजनीतिक दलहरूको कार्यालयमै गएर उहाँहरूसँग छलफल गर्ने र उहाँहरूको जिज्ञासाहरू छन् भने ती जिज्ञासाहरूलाई सरकारसमक्ष लिएर जाने जिम्मेवारी लिएर हामी हिंडिरहेको अवस्था छ।'

दलहरूसँग प्रत्यक्ष संवाद गरी उनीहरूको जिज्ञाषा संकलन गरी सरकारसमक्ष लैजाने जिम्मेवारी स्वरुप आफूहरू छलफल गरिरहेको समेत उनको भनाइ छ। सरकार र जेनजी युवा पुस्ता समेत निर्वाचन गर्नुपर्ने मनसायका साथ अगाडि बढिरहेको उनले जाकारी गराए।

**पाँच...**

यो अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ। विभागका अनुसार पछिल्लो पाँच महिनामा रु ४५ अर्ब ६० करोड ६२ लाख ११ हजार बराबरको डिजेल, रु २७ अर्ब ३३ करोड दुई लाख १४ लाख बराबरको पेट्रोल र रु २२ अर्ब ३९ करोड ४६ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ। रु १९ अर्ब १३ करोड ६९ लाखको स्मार्टफोन, रु ४६ अर्ब ९७ करोडको कच्चा सोयाबिन तेल, रु २१ अर्ब ८४ करोड ६३ लाख बराबरको फलामजन्य वस्तु आयात भएको छ।

नेपालले बढी निर्यात गरेका वस्तुमा सोयाबिन तेल पहिलो स्थानमा देखिएको छ। यो अवधिमा रु ४६ अर्ब ५५ करोड ८६ लाख ६६ हजार बराबरको सोयाबिन तेल निर्यात भएको छ। त्यस्तै रु पाँच अर्ब ५३ करोड ३२ लाख बराबरको ठूलो अलैंची, रु चार अर्ब १३ करोड ३४ लाख बराबरको कार्पेट र रु तीन अर्ब ७३ करोड बराबरको सूर्यमुखी तेल निर्यात भएको छ।

**बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह, रामग्राम १८, नवलपरासी**
**रुखहरुको कटान, मुछान, ढुवानी तथा घाटगद्दी गर्ने सम्बन्धमा प्रकाशित सूचना**
**प्रथम पटक प्रकाशन मितिः२०८२।०९।०९**

उपरोक्त सम्बन्धमा यस साझेदारी वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम चालु आ.व. २०८२।०८३ वन सम्बंद्धन प्रणाली अर्न्तगत निम्न अनुसार पुनरुत्पादन कटान गर्नुपर्ने सब कम्पार्टमेन्टहरु मध्ये पुनरुत्पादन कटान गरिने लट न. १ C1S1 को विभिन्न जातका १०७ गोटा रुख (अनुमानित उत्पादन हुन सक्ने काठ ४४३१.४१ घ.फी र दाउरा ११.९० चट्टा ), लट न. २ C2S2 को विभिन्न जातका ९६ गोटा रुख (अनुमानित उत्पादन हुन सक्ने काठ ५७६२.६५ घ.फी र दाउरा १२.४९ चट्टा), लट न. ३ C3S1 को विभिन्न जातका २०७ गोटा रुख (अनुमानित उत्पादन हुन सक्ने काठ ७७०३.०६ घ.फी र दाउरा २२.०२ चट्टा), लट न. ४ C3S2-2 को विभिन्न जातका १३७ गोटा रुख ( अनुमानित उत्पादन हुन सक्ने काठ ७४३१.३१ घ.फी र दाउरा १७.२६ चट्टा) र पुनरुत्पादन कटान क्षेत्र बाहेक ढलापडा को लट न.५ को विभिन्न जातका ७८ गोटा रुख (अनुमानित उत्पादन हुन सक्ने काठ ४१८३.३१ घ.फी र दाउरा ७.५७ चट्टाको कटान, मुछान, ढुवानी, गरी घाटगद्दी, पाइलिङ गर्नका लागी स्वीकृत जिल्ला दररेटमा घटाघट प्रकृयाबाट संकलन गर्नुपर्ने भएकोले ईजाजत प्राप्त फर्म/कम्पनीबाट लट नं. १,२,३,४ र ५ को लागि १५ दिनभित्र खरिद गरी रीतपूर्वक अलग-अलग लटको अलग-अलग सिलवन्दी दरभाउ पत्र पेश गर्न आह्वान गरिन्छ। विस्तृत जानकारी डिभिजन वन कार्यालय र समूहको कार्यालयबाट प्राप्त गर्न सकिने छ।

विरेन्द्र प्रसाद चौधरी
अध्यक्ष

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको कक्षा १२ को माइग्रेसन सर्टिफिकेट यही मिति २०८२।०८। ०१ गते बुटवल तामनगरबाट बुटवल मिलनचोकतर्फ जाँदै गर्दा हराएकोले भेटाउनु भएमा निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु।

| | |
|---|---|
| नामः | गंगा नेपाली |
| ठेगानाः | बुटवल १६, रुपन्देही |
| एन इ बी रजिष्ट्रेशन नम्बरः | ७९५४९०२१००४० |
| सिम्वल नम्बरः | ९४९८१५०१ |
| सिरियल नम्बरः | एम ०९३५३२५ |
| फोनः | ९८११९८३८४९ |

**Provincial Government Lumbini Province**
**Ministry Of Health, Health Directorate**
**Palpa Hospital, Tansen**

## Invitation for Electronic Bids (E-Bidding)

Date of Publication: 2082/09/09

The Ministry of Health, Health Directorate, Palpa Hospital, Tansen invites electronic bids from eligible bidders under National Competitive Bidding procedures for listed item.

| IFB No. | Particulars | Bid Security Amount | Documentation Fee |
|---|---|---|---|
| PH/NCB/GOODS-1/2082-083 | The Procurement of Medicines for Hospital Pharmacy Palpa Hospital | NRs. 250000 | Nrs. 3000 |
| PH/NCB/GOODS-2/2082-083 | The Procurement of Lab Reagents and Chemicals (Open Items) | NRs. 80000 | Nrs. 3000 |

For more details, please visit www.bolpatra.gov.np/egp

## Marchawarimai Rural Municipality

### Office of Municipal Executive

Khaira, Rupandehi, Lumbini Province, Nepal

## Invites Electronic Bids

**Date of publication:** December **24-2025**

1.Marchawari Rural Municipality, Raypur, Rupandehi invites electronic bids only from eligible bidders for procurement of following goods under National Competitive Bidding (NCB)

| S. N. | Name of work | Contract ID | Pre-bid meeting | Bid Submission Deadline | Bid Opening | Fee of Bid Document | Bid Validity Period | Estimated Amount including VAT | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | Amount | Validity Period |
| 1. | procurement Supply and Delivery of Sanitary Pads and Disposal Machine | MRM/RUP/ GOODS /NCB/04/ 2082/83 | January 09,2026 13:00am | January 23,2026 12:00 noon | January 23,2026 13:00pm | NRs. 3000.00 | 90 days | NRs. 2132209.74 | NRs. 55000.00 | 120days |

2. Submission and Opening:
Bidders download the bidding document and submit their bids electronically through e–procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account with in the date and time specified.
3. Revenue Account Details:

| Account Holder's Name | Bank Name | Revenue Account Number and Name | Dharauti Account Number and Name |
|---|---|---|---|
| Marchawari Rural Municipality | Siddhartha Bank Ltd. | 01215382423 (Marchawari Gaunpalika Ga.1.1 Aantrik Rajwso Khaata) | 01215156664(Marchawari Gaunpalika Ga 03 Dhrauti Khaata) |

4. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the procurement of works with out assigning any reason, whats oever. Other Procurement process remains as per rule of PPA and PPR.

**Chief Administrative Officer**

# Madhyabindu Municipality

## Office of Municipal Executive

Madhyabindu-7, Chormara, Nawalparasi (East of Bardghat Susta)

Gandaki Province, Nepal

## Invitation for Bids

**First Date of publication: 2025-12-24**

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT& PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 10/NCB/ MB/ WORKS/ 2082/83 | Construction Of Duwakun Khola School Tol Culvert Nirman | NCB-WORKS | 97,90,595.46 | 3000/- | 2,50,000.00 | 90 days/ 120 days after bid opening | 2026-01-23 12.00 | 2026-01-23 14.00 |

**Chief Administrative Officer**

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# भाडगाउँमा पाँच करोडको सुन्तला उत्पादन



प्रेम सुनार
*गुल्मी*

गुल्मीको भाडगाउँमा मात्रै वार्षिक पाँच करोड मूल्यबराबरको सुन्तला उत्पादन हुँदै आएको छ। त्यस गाउँका एउटै व्यक्तिले वार्षिक १७ लाख बढीको सुन्तला उत्पादन गर्दै आएका छन् ।

रेसुङ्गा नगरपालिका- ३ भाडगाउँमा मात्रै वार्षिक पाँच करोड बराबरको सुन्तला उत्पादन हुने गरेको र त्यहाँका मानबहादुर घर्तीले सुन्तला उत्पादनबाट वार्षिक १७ लाख सम्म आम्दानी लिँदै आएका हुन् ।

उनको घरबारीको २३ रोपनी क्षेत्रफलमा ४ सय बोटबाट उक्त परिमाणको सुन्तला उत्पादन हुने गरेको घर्तीले बताए । घर्ती भाडगाउँमा पुरानो र सबैभन्दा बढी मूल्य बराबरको सुन्तला उत्पादन गर्ने कृषकका रुपमा गनिन्छन् । नेपाली सेनाको अवकास प्राप्त हवल्दार उनी सेनाको कालिभञ्ज्याङ्ग गणमा कार्यरत हुँदा गोरखाको मनकामाना गाउँको व्यवसायिक सुन्तला उत्पादनको सिकाइबाट आफू आकर्षित भई २०४८ सालदेखि गाउँ फर्केर आफूले व्यवसायिक सुन्तला खेती गर्न सुरु गरेको बताउँछन् । '२०४० को दशकसम्म आटो खानेपाटोमा सुन्तला लगाउँदा के खाने ? भनेर बुढापाकाहरुले सवाल उठाउँथे,' मानबहादुर घर्तीकी श्रीमती ओमकला घर्तीले भनिन्-'आफू विवाहित भएर आउँदा २० रुपैयाँको सय वटा सुन्तला बेचेर ३ सय रुपैयाँ कमाउँदा सासु हर्ष खुशीले गदगद हुनु भएको थियो । त्यसयता त हामीले थुप्रै बारीमा सुन्तला खेती गरेका छौं ।'

घर्ती परिवारले अबको पाँच वर्षमा २० लाख बढीको सुन्तला उत्पादन गर्ने लक्ष्य लिएको छ । २ सय वटा बोटहरु सुन्तला फल दिने अवस्थामा हुर्किरहेका छन् । थप १५ रोपनी जमिनमा सुन्तला खेती विस्तार गर्ने तयारी रहेको, नेपाली सेनाको कमाइलेभन्दा बढी सुन्तला उत्पादनबाटै तीन छोरा छोरीलाई डिग्री पास गराएको र सदरमुकाम तम्घासमा दुई वटा पक्की घर समेत बनाउन सफल भएको मानबहादुर घर्ती बताउँछन् ।

गत स्थानीय तहको निर्वाचनमा नेकपा एमालेको तर्फबाट वडाध्यक्षको उम्मेदवार रहेका घर्ती जम्मा २२ भोटले नेपाली कांग्रेसका उम्मेदवार बाबुराम खत्रीबाट पराजित भएका थिए । पेन्सनपश्चात् समाज सेवाका अलवा कृषि उत्पादनमा अगुवाइ गरेका घर्ती उदाहरणीय कृषकका रुपमा रहेको रेसुङ्गा नगरपालिका प्रमुख खिलध्वज पन्थीले विभिन्न कार्यक्रममा चर्चा गर्दै आएका छन् । उनी भन्छन्-'भाडगाउँका घर्तीले सुन्तला उत्पादनबाटै १७ लाखसम्म कमाउन सक्छन् भने स्वदेशमै सम्भावना किन छैन ? पैसा कमाउन विदेश जानु नै पर्छ र ?'

सिंगो वडाभर वार्षिक करिब पाँच करोडको सुन्तला उत्पादन हुने त्यहाँका वडाध्यक्ष बाबुराम खत्री बताउँछन् । भाडगाउँमा उनीपछि ठुलो परिमाणमा सुन्तला उत्पादन गर्ने अर्का पुराना व्यक्ति हुन्, पूर्व गाविस सचिव शेरजंग बस्नेत । उनले गत वर्ष ८ लाख मूल्यबराबरको सुन्तला उत्पादन गरेका थिए । वार्षिक ५ लाख बराबरको सुन्तला उत्पदन गर्ने कृषिकहरुमा त्यस गाउँका पदमलाल पाण्डे, ईन्द्रबहादुर खत्री, डिल्लीराम मरासिनी, थम्मन भण्डारी, प्रेम भण्डारी, हिराबहादुर खत्री, प्रितम खत्री, खेतबहादुर खत्री, थम्मन खत्री, हरिकला रेश्मी, लालबहादुर रेश्मी र प्रकाश घर्ती क्षेत्रीलगायत रहेको अगुवा सुन्तला कृषक घर्तीले जानकारी दिए ।

सदियौंदेखि भाडगाउँ स्वादिलो र ठुला दाना भएको सुन्तलाको गाउँ भनेर चिनिन्छ । जिल्लाको नयाँगाउँ पिपलधारा, हाडाहाडे, लुम्छा, अर्लाङ्गकोटलगायतका स्थान पनि गुल्मीमा ठुलो परिणाममा सुन्तला फल्ने गाउँहरु हुन् । जिल्लाभर गत वर्ष २५ करोड बराबरको सुन्तला उत्पादन भएको र यस वर्ष करिव २५ प्रतिशत सुन्तला उत्पादनमा गिरावट आई करिव २० करोड बराबरको मात्रै सुन्तला उत्पादन भएको कृषि ज्ञानकेन्द्र गुल्मीका प्रमुख नरेश धितालले जानकारी दिएका छन् । सुन्तलालगायतको फलफूल, तरकारी र मासु जिल्ला बाहिर बिक्री गरिंदा करोडौं रकम जिल्लामा भित्रिने गरेको छ । मोटरबाटोको सुविधा, स्थानीय सरकारको प्रोत्साहन कार्यक्रमले पनि उत्पादनमा वृद्धि भएको पाइन्छ । तर अनुदान रकम रकम भने अधिकांश दलका अगुवा कार्यर्ता पोषण र झोले कृषकहरुको हातमा पुगेका पाइएको छ ।

# लुम्बिनी वर्ल्डमा जिल्लास्तरीय चेसको तयारी




बुटवल । रूपन्देहीको तिलोत्तमा नगरपालिका-१३ मधवलियास्थित लुम्बिनी वर्ल्ड स्कूलमा जिल्लास्तरीय चेस प्रतियोगिता-२०८२' हुने भएको छ । लुम्बिनी चेस एकेडेमीसँगको सहकार्यमा यही पुस १५ गते प्रतियोगिता आयोजना गर्न लागिएको मंगलबार पत्रकार सम्मेलन गरि जानकारी गराइएको हो ।

विद्यालयको वार्षिक क्यालेण्डरअनुसार यो प्रतियोगिता आयोजना हुन लागेको प्राचार्य विष्णुप्रसाद ढकालले जानकारी दिए । विगतमा स्वीमिङ, फुटसल, ह्याकाथनलगायतका विभिन्न खेलकुद प्रतियोगिताहरु सम्पन्न भइसकेको उल्लेख गर्दै उनले चेस प्रतियोगिताको तयारी तीव्ररुपमा भइरहेको बताए । विद्यालयले अध्ययनसँगसँगै खेदकुद गतिविधिलाई प्राथमिकता दिँदै आएको उनले बताए ।

प्रतियोगितामा रुपन्देही जिल्लाका कक्षा १० सम्मका विद्यार्थीहरु सहभागी हुन पाउनेछन् । स्विस सिस्टमबाट सञ्चालन हुने प्रतियोगितामा छात्रछात्राको छुट्टाछुट्टै समूह बनाएर प्रतिस्पर्धा गराइने लुम्बिनी चेस एकेडेमीका सञ्चालक शिखर रेग्मीले बताए । जसमा छात्रातर्फ एउटा समूह हुनेछ भने छात्रतर्फ अन्डर-१६ र अन्डर-१३ गरी दुईवटा समूह रहनेछन् ।

प्रतियोगितामा एक सयभन्दा बढी विद्यार्थी सहभागी हुने अपेक्षा गरिएको रेग्मीले जनाए । प्रतियोगितामा सहभागी हुनका लागि ४५० रुपैयाँ शुल्क तोकिएको छ ।

उनले यस्ता प्रतियोगिताहरुले जिल्लामा नयाँ खेलाडी उत्पादन गर्ने विश्वास व्यक्त गरे । बालबालिकाको मष्तिस्क विकासका लागि महत्वपूर्ण मानिने चेस खेलप्रति अभिभावकले चासो दिनुपर्ने उनले बताए ।

प्रतियोगितामा एक विद्यालयले छात्रतर्फ (यू-१६, यू-१३) मा २/२ जना र छात्रातर्फ इच्छाअनुसार विद्यार्थी सहभागी गराउन सक्ने प्रतियोगिता संयोजक तथा विद्यालयका सहायक प्राचार्य अशोक भण्डारीले जानकारी दिए ।

तीनवटै समूहका उपाधि विजेताले ६ हजार, उपविजेताले ३ हजार तथा तेस्रो हुनेले २ हजार रुपैयाँ र प्रमाणपत्र पाउने लुम्बिनी चेस एकेडेमीका अर्का सञ्चालक सञ्जय घिमिरेले बताए । उनका अनुसार तीनवटै समूहमा चौथो र पाँचौ हुने खेलाडीलाई एक/एक हजार रुपैयाँ प्रदान गरीनेछ । प्रतियोगिताको मुख्य रेफ्रीमा ज्ञानेन्द्र खईजू र सहायक रेफ्रीमा जमिर अली र दिवाकर शाह रहने प्रतियोगिता सहायक अनिल घोतानेले जानकारी दिए ।

# स्कलर्स होममा जिल्लास्तरीय हाजिरीजवाफ हुँदै




बुटवल । स्कलर्स होम सेकेण्डरी स्कुलको ३४औं स्थापना दिवसको अवसरमा विविध कार्यक्रम गरी मनाउने भएको छ । विगत १३ वर्षदेखि निरन्तर चलाउँदै १२औं संस्करणको जिल्लास्तरीय अन्तरविद्यालय रनिङ शिल्ड हाजिरीजवाफ (क्विज) प्रतियोगितासहित विविध रचनात्मक कार्यक्रम गर्ने भएको हो ।

मंगलबार विद्यालयको सि ब्लकमा पत्रकार सम्मेलन गरी पुस १० गते हाजिरीजवाफ तथा ११ गते विद्यालयको पुरस्कार वितरणसहित विविध कार्यक्रम गरिने प्राचार्य बाबुराम बञजाडेले जानकारी दिए । हाजिरीजवाफको विजेताले नगद १० हजार रुपैयाँ, शिल्ड, मेडल, प्रमाणपत्र, दोस्रोलाई ७५००, तृतीय ४५०० रुपैयाँबाट पुरस्कृत गरिने उनले बताए । अहिलेसम्म ४० विद्यालय दर्ता भएको उनले जनाए । प्रतियोगितामा कक्षा १० सम्म र एक जना छात्रा अनिवार्य हुनुपर्ने प्रावधान छ ।

गतवर्ष एभरेष्ट इङ्ग्लिस बोर्डिङ् स्कुल विजेता भएको थियो । न्यू होराइजनले दुईपटक लगातार २ पटक ३/३ वर्ष शिल्ड लगेको छ ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनहरि बश्यालले सामाजिक कार्यमा योगदान स्वरुप विद्यालयमा खेल सुरु भएको बताए । विद्यालयले आइएसओ मान्यता समेत पाएको उनले जनाए ।

कार्यक्रममा विद्यालय संस्थापक शिव गुरुङले आफू भारतमा अध्ययन गरेर त्यही शिक्षा दिने गरी स्कलर्स स्थापना गरेको बताए । परीक्षाको प्रश्नपत्र अभिभावकलाई देखाउने, मार्शल आर्ट सिकाउने, औपचारिक कार्यक्रम विद्यार्थीहरुलाई जिम्मा दिने सुरुवात गरेको उनले जानकार ीदए ।

कार्यक्रममा संस्थापिका लक्ष्मी गुरुङ, भाइसप्रेसिडेन्ट टिकाराम गौतमले वडा नं. ९ मा नै एकमात्र विद्यालय भएको बताए ।

हाल विद्यालयमा कक्षा नर्सरीदेखि १२ सम्म १५०० विद्यार्थी तथा बीबीएसमा डेढ सय विद्यार्थीहरु अध्ययरत छन् । जहाँ १२० जना शिक्षक कर्मचारीहरु छन् ।

# फलफूल र तरकारीमा जथाभावी विषादीको प्रयोग

बुटवल । कृषि उत्पादन बढाउन अनावश्यक किटनाशक विषादीको प्रयोग र त्यसको नियामक निकाय कमजोर भएकाले उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर परेको सरोकारवालाले चिन्ता गरेका छन् ।

पर्याप्त सूचना अभावमा किसानले किटनाशक विषादीलाई औषधिको रुपमा प्रयोग गरेका कारण यसले गम्भीर र घातक रोगहरु निम्त्याएको चिन्ता उनीहरुको छ । कीरा, रोग र झारपातबाट बाली जोगाउन र छोटो समयमै लाभ दिने भए पनि यसको अस्वभाविक प्रयोगले खतरनाक रोगहरु लाग्न थालेकोले जैविक विषाधिको प्रयोगलाई बढाउनुपर्ने सुझाव विभिन्न क्षेत्रका विज्ञहरुको छ ।

रुपन्देही उद्योग संघले बुटवलमा आयोजना गरेको १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव–२०८२को अवसरमा मंगलबार आयोजित नेपालमा कृषि उत्पादन मानव स्वास्थ्य तथा वातावरणमा किटनाशकको प्रभाव विषयक कार्याशाला गोष्ठी सहभागी विभिन्न क्षेत्रका विज्ञहरुले यस्तो सुझाव दिएका हुन् ।

विज्ञहरुले यस्तो प्रयोगले किटनाशक विषादीको प्रयोगले उत्पादन बढ्नु, बाली सुरक्षित हुनु र किसानको आम्दानी तत्काल सुधारिनु किटनाशकको प्रमुख फाइदा मानिए पनि यसको अनियन्त्रित, असावधानीपूर्ण र अत्यधिक प्रयोगले कृषि उत्पादनसँगै मानव स्वास्थ्य र वातावरणमा गम्भीर र दीर्घकालीन असर पारिरहेको विषयलाई गम्भीरतापूर्वक मूल्यांकन गर्न जरुरी भइसकेको जनाएका हुन् ।

कार्यक्रममा प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र हरिहर भवन काठमाडौंका वरिष्ट बाली संरक्षक अधिकृत मनोज पोखरेल, कृषि निर्देशनालयका बाली संरक्षक अधिकृत मिलन गैरे, राष्ट्रिय गहुँबाली अनुसन्धान भैरहवाका वरिष्ट अधिकृत खेमराज पन्तले कार्यपत्र प्रस्तुत गरेका थिए भने कार्यक्रममा पैंचो पसल प्रा.लि.का कार्यकारी प्रमुख) केशव न्यौपाने, लुम्बिनी कृषि थोक बजार प्रालि.का कार्यकारी प्रमुख रामबहादुर खत्री, कृषि क्षेत्रमा लामो समयदेखि कलम चलाउँदै आएका पत्रकार दामोदर खनाल, पक्लिहवा कृषि क्याम्पसका प्रमुख रुक्मागत पाठकले विभिन्न विषयमा टिप्पणी गरेका थिए । कार्यक्रममा अनुसन्धानकर्ता शारदा पाण्डेले परम्परागत किटनाशक सम्बन्धमा अनुसन्धानसहितको धारणा प्रस्तुत गरेकी थिइन् ।

सहभागी विज्ञहरुले कृषि उत्पादनको दृष्टिले किटनाशक औषधिले बालीलाई तत्काल संरक्षण प्रदान गरे पनि दीर्घकालमा यसको असर उल्टो पर्नसक्ने विषयमा सचेत हुनुपर्ने बताउँदै निरन्तर एउटै प्रकारको किटनाशक प्रयोग गर्दा कीरामा प्रतिरोध क्षमता विकास हुन्छ, जसले पहिले असर गर्ने औषधि निष्प्रभावी बन्दै जाने भएकाले नजिकैको कृषि ज्ञान केन्द्रमा यसबारे छलफल गर्नुपर्ने जनाएका छन् । 'यसले अझ बलिया र महँगा रसायन प्रयोग गर्नुपर्ने अवस्था सिर्जना गर्छ । माटोमा रहेका लाभदायी सूक्ष्म जीव नष्ट हुँदा माटोको उर्वराशक्ति घट्छ र बालीको प्राकृतिक प्रतिरोध क्षमता कमजोर बन्छ । फलस्वरूप किसान रसायनको चक्रमा झन् बढी निर्भर हुन पुग्छन् ।'-विज्ञ मनोज पोखरेलले भन ।

अर्का विज्ञ मिलन गैरेकाअनुसार मानव स्वास्थ्यमा किटनाशकको असर अझै संवेदनशील र गम्भीर रहेको र खेती गर्ने किसान, खेतमा काम गर्ने मजदुर तथा उपभोक्ता सबै यसका जोखिममा पर्नेछन् । 'छालामा सिधा सम्पर्क, श्वासमार्फत् प्रवेश वा खानामा रहेको अवशेषका कारण किटनाशक शरीरमा प्रवेश गर्छ । तत्काल टाउको दुख्ने, वाकवाकी लाग्ने, चक्कर आउने, छालामा जलन हुने जस्ता समस्या देखिन सक्छन्,' उनले भने-'दीर्घकालीन रूपमा क्यान्सर, स्नायु प्रणालीमा असर, हर्मोन सन्तुलन बिग्रिनु, प्रजनन् क्षमतामा कमी र बालबालिकाको शारीरिक तथा मानसिक विकासमा नकारात्मक प्रभाव पर्ने तथ्यहरू विभिन्न अध्ययनले देखाएका छन् । अवशेषयुक्त खाद्यान्नको नियमित सेवनले उपभोक्ताको स्वास्थ्यमा मौन तर गहिरो क्षति पुऱ्याउने खतरा रहन्छ ।'

अनुसन्धानकर्ता पाण्डेका अनुसार वातावरणीय दृष्टिले किटनाशक औषधिले जैविक सन्तुलनमा ठूलो खलल पुऱ्याउँछ । माटो, पानी र हावामा मिसिएका रसायनले कीरा मात्र होइन, मौरी, चरा, माछा तथा अन्य उपयोगी जीवलाई समेत नष्ट गर्छ । मौरी नष्ट हुँदा परागण प्रक्रिया प्रभावित भई कृषि उत्पादनमा नै दीर्घकालीन नकारात्मक असर पर्छ । नदी, खोला र भूमिगत पानी प्रदूषित हुँदा मानव र वन्यजन्तु दुवै जोखिममा पर्छन् । माटोमा लामो समयसम्म रहने रसायनले पारिस्थितिक प्रणालीलाई कमजोर बनाउँछ र जैविक विविधता घटाउँछ ।

अर्का विज्ञ खेमराज पन्तले पृष्ठभूमिमा किटनाशक औषधिको प्रयोग पूर्ण रूपमा निषेध होइन, तर विवेकपूर्ण, सुरक्षित र वैकल्पिक उपायसँग जोडेर प्रयोग गर्नुपर्ने आवश्यकता देखिएको बताए । 'एकीकृत कीट व्यवस्थापन, जैविक कृषि, सही मात्रा र सही समयमा प्रयोग, तथा किसान र उपभोक्तामा चेतना अभिवृद्धि अहिलेको आवश्यकता हो । कृषि उत्पादन, मानव स्वास्थ्य र वातावरणबिच सन्तुलन कायम नगरेसम्म किटनाशकबाट हुने लाभ अस्थायी मात्र रहनेछ र त्यसको मूल्य समाजले दीर्घकालसम्म तिर्नुपर्नेछ ।'-उनले भने ।

संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको अध्यक्षता तथा महासचिव सुमन बस्यालले सञ्चालन गरेको कार्यक्रममा स्वागत गोष्ठी तथा सेमीनार उप-समिति संयोजक डिल्लीनारायण पाण्डेयले गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि उपभोक्ता हित संरक्षण मञ्च नेपालका केन्द्रीय उपाध्यक्ष एवं रुपन्देही उद्योग संघका पूर्वअध्यक्ष तेजकुमार पाठकले विषादीको व्यापार कम गर्न र उपभोक्ताको सचेतना बढाउने काममा साझेदारी गर्न सबैलाई आग्रह गरे । उनले उपभोक्ता सचेत नहुँदासम्म यस्ता समस्या अझै बढ्ने बताउँदै नियामक निकायले अनुगमनलाई नियमित रुपमा अघि बढाउनुपर्ने र सबैलाई कर्तव्यबोध गराउनुपर्ने धारणा राखेका थिए ।

कार्यक्रममा सहभागी कृषि शिक्षक ज्ञानेन्द्र पौडेलले खाद्यान्न बेच्ने ठाउँमा विषादी बेच्न बन्देज लगाउनुपर्ने, बजारमा सहजै वनस्पती विषादी नपाउने र महँगो पर्ने विषयमा विशेष ख्याल गर्नुपर्ने र सबै कृषि ज्ञान केन्द्रमा त्यसको सहजता ल्याउनेगरी योजना बनाउनुपर्ने सुझाव दिएका थिए । कृषि विद्यार्थी विकास पाण्डेले किसानले जैविक विषादी किन प्रयोग गरेनन् भन्ने विषयमा खोज नै नभएको विषयमा सरकारी निकाय गम्भीर हुनुपर्ने बताउँदै उपभोक्तालाई यसको असरबारे बुझाउने कुनै निकाय नै नभएको चिन्ता व्यक्त गरे । तिलोत्तमाका तुलसीराम भण्डारी, कौशी खेती गर्ने बुटवलकी शान्ता अधिकारी, जैविक विषादी प्रयोग गर्ने किसान रामनाथ उपाध्याय, उपभोक्ता हित संरक्षण मञ्चका समुन्द्र जीसीलगायतले सचेतना र स्थानीय तहको बढी सरोकारको विषय रहेको धारणा व्यक्त गरेका थिए ।

रुपन्देही उद्योग संघले पुस ३ गतेदेखि आयोजना गरेको स्वदेशी उद्योगको यो प्रदर्शनीमा कृषि, पर्यटन र प्रविधिलाई विशेष प्राथमिकतामा राखेर अगाडि बढेकाले कृषि क्षेत्रका विज्ञहरुलाई समेटेर यसखालको कार्यक्रम गरिएको अध्यक्ष कृष्ण पराजुलीले जानकारी दिए । प्रदर्शनीभित्र करिब ४० प्रतिशत महिला उद्यमी र कृषि उपजका स्टलहरु रहेको संघका उपाध्यक्ष तथा स्टल व्यवस्थापन तथा अनुगमन उप-समिति संयोजक हरिबहादुर खत्रीले जानकारी दिए ।

'समृद्ध नेपाल निर्माणको आधार, स्वदेशी उद्यमशीलताको विस्तार' भन्ने मूल नाराका साथ सुरु भएको प्रदर्शनीमा विभिन्न विधाका १० वटा पेभिलियनहरु निर्माण गरिएको र ३९ जिल्लाबाट सहभागिता रहेको प्रबन्धक यादव भण्डारीले जानकारी दिए । स्वदेशी उत्पादनको प्रदर्शन र बजारीकरण गर्ने मुख्य उद्देश्यका साथ सञ्चालन हुने प्रदर्शनीमा ८ लाख दर्शकले अवलोकन गर्ने र ३० करोडको आर्थिक कारोवार हुने लक्ष्य राखिएको कोषाध्यक्ष विशाल वेलबासेले उल्लेख गरे ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार

काठमाडौं । पछिल्लो तीन दिन कारोबार निरन्तर घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार भने सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक तीन दशमलव २७ अङ्कले बढेर दुई हजार ५८४ दशमलव ४९ को बिन्दुमा कायम भएको हो ।

३२८ कम्पनीको ७६ लाख ६८ हजार ९१५ कित्ता शेयर ९२ हजार ७४६ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ४२ करोड ९८ लाख ९३ हजार ९४२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा बैंकिङ शून्य दशमलव १०, वित्त शून्य दशमलव २०, होटल तथा पर्यटन, शून्य दशमलव १०, जलविद्युत् शून्य दशमलव २९, उत्पादन तथा प्रशोधन शून्य दशमलव २५, लघुवित्त शून्य दशमलव १७ र अन्य समूह एक दशमलव २८ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । विकास बैङ्क शून्य दशमलव १६, लगानी शून्य दशमलव ३४, जीवन बिमा शून्य दशमलव ७९, म्युचुअल फन्ड शून्य दशमलव ११ र निर्जीवन बिमा शून्य दशमलव १६ प्रतिशतले घटेको हो ।

एसवाई प्यानल नेपाल लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै सात दशमलव ०१ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ९७ प्रतिशतले घटेको छ ।

कारोबार रकम र शेयर संख्याका आधारमा सबैभन्दा धेरै एसवाई प्यानल नेपाल लिमिटेडको रु ३० करोड ९८ लाख १७ हजार ३०८ बराबरको तीन लाख ९१ हजार ३७१ कित्ता शेयर किनबेच भएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com